# रुकुम जिल्ला अदालत

मुसिकोट, रुकुम पश्चिम

प्रशासन शाखा

प.सं. ०७६/७७

सू. च.नं. 4255

मितिः२०७७।११।०२

## विषयः- सूचना। सूचना। सूचना।

यस अदालतमा आउने सेवाग्राही मध्ये कानून व्यवसायी राख्न नसक्ने असहाय, अशक्त, नावालक, आर्थिक रुपमा विपन्न वा थुनामा रहेका व्यक्तिहरुलाई कानूनी सहायता उपलब्ध गराउनका लागी जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(१) बमोजिम वैतनिक कानून व्यवसायी रहने व्यवस्था भएकोले जिल्ला अदालत नियमावली, २०७५ को नियम १०१(२),(३),(४) र (५) बमोजिम **वैतनिक कानून व्यवसायीको नियुक्ति गर्नका लागि इच्छुक कानून व्यवसायीबाट दरखास्त आव्हान गरिएको छ।** यो सूचना प्रकाशन भएको १५ दिन भित्र यस अदालतको प्रशासन शाखामा आफै उपस्थित भै दरखास्त दिनहुन सम्वन्धीत सवैको लागी यो सूचना प्रकाशन गरिएको छ।म्याद नाघी वा रित नपुगी आएका निवेदन उपर कुनै कार्वाही गरिने छैन।

विज्ञापन नं.- १/२०७७/०७८

पदः- वैतनिक कानून व्यवसायी

संख्याः- १ जना

पारिश्रमीकः- प्रचलित कानूनले तोके बमोजिम

अवधिः- १ बर्ष

संलग्न हुनुपर्ने कागजातहरूः

१- कानूनमा स्नातक/स्नाकोत्तरको प्रमाणपत्रको प्रतिलिपी
२- अधिवक्ताको प्रमाणपत्रको प्रतिलिपी
३- सम्वन्धित बिषयमा कुनै तालिम प्राप्त गरेको भए सोको प्रतिलिपी
४- नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी

प्रदान गर्नु पर्ने सेवाः-

१- अदालतले तोकेका असमर्थ पक्षका तर्फबाट अदालतमा उपस्थित भई वहस पैरवी गर्ने, अदालती लिखत तयार गरी पेश गर्ने, गराउने, आवश्यक कानूनी सल्लाह दिने समेतका कार्य गर्ने।
२- प्रत्येक महिना ३ दिनको विदा पाउने र सो विदा संचित गरी अर्को महिनामा लिन पाउने छैन।
३- विदा स्वीकृत गराई अनुपस्थिति रहेको अवस्थामा बाहेक पूरा कार्यालय समयसम्म अदालतमा उपस्थित भई कार्य गर्नुपर्ने छ।
४- अन्य शर्तहरू जिल्ला अदालत नियमावली, २०७५ को परिच्छेद १३ बमोजिम हुनेछ।

छनौटको किसिमः- अन्तरवार्ता र तोकीएको अन्य आधारबाट हुने।

सम्पर्क मितिः- २०७७।११।१६ गते र सो दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट, साथै सम्पर्क मितिको दिन छनौटको प्रक्रिया तय गरिने छ।

पुनश्चः अन्य थप जानकारीको लागी यस अदालतको प्रशासन शाखामा सम्पर्क राख्न सकिने छ।

२०७७।११।१२

कृष्ण बहादुर वोहरा

श्रेस्तेदार(उपसचिव)

श्रेस्तेदार

उप-सचिव